जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २२८ २०७८ साल चैत ३० गते बुधबार (13 Apr. 2022 Wedneday) मूल्य रु. ५/-

**आगलागीबाट सावधानी अपनाऔं ।**

**निम्न कारणले आगलागी हुनसक्छन्,**
आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
प्रज्वलनशील बस्तुको उचित प्रयोग नगर्दा,
हुरी बतास चल्दा,
प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
**त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशका जिल्लामा... ३ पृष्ठमा : सञ्चार क्षेत्रसम्बन्धी ... ३ पृष्ठमा : पाकिस्तानको २३औं प्रधानमन्त्रीका...

## आचारसहिंता विनाको पत्रकारिता कहिल्यै सफल नहुने : बरिष्ठ पत्रकार दाहाल




**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

प्रेस काउन्सीलका पुर्व अध्यक्ष एवं बरिष्ठ पत्रकार राजेन्द्र दाहालले आचारसहिंता बिनाको पत्रकारिता कहिल्यै सफल नहुने बताएका छन् ।

मंगलबार राजविराजमा कंचनरुप नगरपालिकाको सहयोग तथा नेपाल पत्रकार महासंघ सप्तरीद्वारा आयोजित "पत्रकार आचारसहिंता सम्बन्धि कार्यशाला गोष्ठी" कार्यक्रमलाई प्रमुख प्रशिक्षकको रुपमा सम्बोधन गर्दै उनले आचारसहिंताको पालना गरेर गरिने पत्रकारिताले थप उर्जा पाउने उल्लेख गरे ।

आचारसहिंता पत्रकारिताका लागी षोषण सरह भएको भन्दै उनले नेपालमा शूरु भएको छापा पत्रकारीताबाटै आचारसहिताको शूरुआत भएको दाबी गरे । बरिष्ठ पत्रकार दाहालले आचारसंहितकै कारण छापा पत्रकारितालाई कसैले विस्थापित गर्न नसकेको बताए ।

पत्रकार महासंघ शाखा सप्तरीका सभापती श्रवण देवको अध्यक्षतामा आयोजित कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, पुर्व केन्द्रिय सदस्य अवधेश झा, पत्रकार महासंघ शाखा सप्तरीका पुर्व सभापती मुरली प्रसाद यादव, बैद्यनाथ झा लगायतले पनि पत्रकार आचारसहिंताको बारेमा आ-आफ्नो धारणा राखेका थिए ।

## घटना दर्ता सप्ताहा अन्तरगत प्रभातफेरी




**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

राष्ट्रिय परिचय पत्र तथ पञ्जिकरण विभाग र राजविराज नगरपालिकाद्वारा आयोजित घटना दर्ता सप्ताहा अन्तरगत मंगलबार प्रभातफेरी सम्पन्न भएको छ ।

प्रभातफेरी कार्यक्रममा राजविराजका सम्पूर्ण कर्मचारीहरुको सहभागिता रहेको थियो । राजविराज नगरपालाका परिसरबाट सुरु भएको प्रभातफेरी नगर परिक्रमा गरेको थियो । प्रभातफेरी पश्चात् पुनः राजविराज नगरपालिका परिसरमा पुगेको प्रभातफेरी कार्यक्रममा परिणत भएको थियो ।

राजविराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र प्रसाद यादवको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा विभिन्न शाखाका शाखा प्रमुख सम्पूर्ण कर्मचारी विपदका कर्मचारी सरसफाईका कर्मचारी हरुको सहभागिता रहेको थियो ।

राष्ट्रिय परिचय पत्र तथ पञ्जिकरण विभागद्वारा २०७९ वैशाख १ गतेदेखि ७ गतेसम्म घटना दर्ता सप्ताह मनाउने विभागिय निर्देशन अनुरुप उक्त प्रभातफेरीको आयोजना गरीएको थियो ।

घटना दर्ता सम्बन्धी कार्य थप प्राथमिकताका साथ गरिने राजविराज नगरपालिकाको प्रशासकीय अधिकृत यादवले जानकारी दिए । जन्म, मृत्यु, बिवाह सम्बन्ध विच्छेद र बसाई सराई जस्ता घटना दर्ता अन्य दिनको तुल्नामा विशेष प्रथमिकताका साथ गरिने उनले बताए ।

ती घटना दर्ताका साथै सामाजिक सुरक्षा प्राप्त गर्न योग्य लाभग्राहिले समेत आफ्नो निवेदन दर्ता गराउने सकिने उनले जानकारी दिए । घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी केहि गुनासो भए जानकारी गुनासो दर्ता गर्न समेत सकिने उनको भनाई थियो ।

## फरार प्रतिवादी पाँच वर्षपछि पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

सवारी ज्यान मुद्दामा फरार एक प्रतिवादी पाँच वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको शम्भुनाथ नगरपालिका ८ का २४ वर्षिय संजय कुमार ठाकुर छन् ।

प्रहरीका अनुसार २०७३ साल असोज ८ गते ठाकुरले चलाएको स.३प. ३२२७ नं.को मोटरसाइकलले ठक्कर दिँदा गम्भिर घाइते भएका सोही वडा निवासी ६१ वर्षिय विष्णुदेव पासवानको घटनाको तीन दिनपछि उपचारका क्रममा मृत्यु भएको थियो ।

मृतककी पत्नी रेवियादेवीको जाहेरीले ठाकुर उपर सवारी ज्यान मुद्दा चलाइएकोमा २०७५ मंसिर ८ गते सप्तरी जिल्ला अदालतले २ वर्ष कैद र २ हजार जरिवानाको फैसला सुनाएको थियो ।

उक्त घटनापछि फरार भएका ठाकुरलाई मंगलबार घरमै लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको डिएसपी माधबप्रसाद काफ्लेले जानकारी दिए ।

ठाकुरलाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद भुक्तानका लागि मंगलबार नै राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## पोखरीमा डुबेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

मामाघर आएका बेला घर नजिकै खेल्दै गरेको अवस्थामा पोखरीमा डुबेर सोमबार एक बालकको ज्यान गएको छ ।

सप्तरीको विष्णुपुर गाउँपालिका २ घर भई छिमेकी गाउँ राजगढ गाउँपालिका ४

***बाँकी अन्तिम पृष्ठमा***

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यकम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# मधेस प्रदेशका जिल्लामा चुनावको पार्टीगत अवस्था

**अजयकुमार साह**
धनुषा, २९ चैत (रासस)।

स्थानीय चुनावका लागि रणनीति र गठबन्धन बनाउने विषयमा मंगलबार सत्तारुढ दलहरूको बैठक बस्ने भएको छ। एक साताअघि बसेको गठबन्धनको बैठक आ-अफ्ना दलको अवस्थाबारे तथ्याङ्कसहितको प्रतिवेदन पेस गर्नेगरी चैत २७ गतेसम्मका लागि स्थगित गरिएको थियो।

बैठकबाट यही चैत २२ गते पालिका-जिल्ला कमिटीसँग आ-आफ्ना सङ्गठनको अवस्था बुझेर चैत २७ गते बैठक बस्ने गरी स्थगित गरिएकामा गठबन्धन दलको बैठक जिल्लादेखि स्थानीयस्तरसम्म पनि हुनसकेको छैन। मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिरहालगायत जिल्लामा गठबन्धनका लागि बैठक भए पनि पर्सा, बारा, रौतहटलगायत जिल्लामा भने अझै हुनसकेको छैन।

नेपाली कांग्रेस मधेश प्रदेशका उपाध्यक्ष वीरेन्द्रकुमार सिंह गठबन्धनको बैठक मंगलबार महोत्तरीको बर्दिबासमा बस्ने जानकारी दिनुहुन्छ। उहाँ गठबन्धनका लागि कांग्रेस सकारात्मक रहेको भन्दै अधिकांश पालिका तथा जिल्लास्तरमा पनि गठबन्धनका लागि गृहकार्य भइरहेको प्रतिक्रिया दिनुहुन्छ। मधेश प्रदेशमा कांग्रेस, (नेकपा माओवादी) केन्द्र, जनता (समाजवादी) पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चासहित पाँच दलीय गठबन्धन छ।

मधेश प्रदेशका ८ जिल्लामा १३६ पालिका छन्। तराईका आठ जिल्ला मिलेर बनेको मधेस प्रदेश रणनीतिक महत्व बोकेको क्षेत्र हो। क्षेत्रीय राजनीतिबाट आएर राष्ट्रिय दलको हैसियत बनाएका लोकतान्त्रिक समाजवादी पार्टी, जनता समाजवादी पार्टीको आधारक्षेत्र पनि मधेस प्रदेश नै हो।

कुनै बेला मधेस-तराई नेपालको राजनीतिमा पुरानो दल कांग्रेसको एकल भोट बैंकको रूपमा चिनिन्थ्यो। इतिहासमा पनि राजनीतिक आन्दोलन कांग्रेसले मधेसबाटै विस्तार गरेको देखिए पनि पछिल्ला चुनावमा कांग्रेस मधेसमा खुम्चिँदै गएको छ। केन्द्रीय सदस्य डा चन्द्रमोहन यादव कांग्रेस मधेसमा कमजोर हुँदासमेत स्थानीय तहमा पहिलो पार्टी भएको जिकिर गर्नुहुन्छ।

उहाँ भन्नुहुन्छ, "एमाले मधेसमा खासै देखिएन। मधेसका लागि मात्र भनेर खुलेका दलहरू जुट्ने र फुट्नेमा व्यस्त छन्। क्षेत्रीय दलका रूपमा उदाएका मधेश केन्द्रित दलहरूले जनताका काममा केही गर्न सकेका छैनन्।"

नेपाली कांग्रेसका जिल्ला सभापति योगेन्द्र पजियार पनि यस पटक जिल्लाका अधिकांश पालिकामा जित्ने जिकिर गर्दै भन्नुहुन्छ,"जनताको झुकाव पुनः कांग्रेस पार्टीतिरै देखिएको छ। गाउँ-गाउँमा अहिले लहर चलेको छ। मधेसवादी दलका गतिविधिले जनता सन्तुष्ट नभएकाले यसपटक कांग्रेसले अधिकांश पालिकामा जित्ने पक्का छ।"

## गत चुनावमा जिल्लामा पार्टीगत अवस्था

मधेश प्रदेशमा एक महानगर, तीन उपमहानगर, ७३ नगर र ५९ गाउँपालिका गरी १३६ स्थानीय छन्। यी पालिकामा १२७१ वडा छन्।

मधेस प्रदेशको पूर्वी सीमा जिल्ला सप्तरीमा नौ नगरपालिका, नौ गाउँपालिकासहित १८ स्थानीय तह छन्। यी १८ स्थानीय तहमा १६४ वडा छन्। सिराहा जिल्लामा आठ नगरपालिका र नौ गाउँपालिका गरी १७ पालिका छन्। जिल्लाका १७ पालिकामा १६४ वडा छन्।

प्रादेशिक राजधानी धनुषा जिल्लामा एक उपमहानगर, ११ नगर तथा छ गाउँपालिका गरी १८ स्थानीय तह छन्। यी १८ स्थानीय तहमा १६९ वडा छन्। पन्ध्र स्थानीय तह रहेको महोत्तरीमा दश नरपालिका र पाँच गाउँपालिका गरी १५ स्थानीय तहका १३८ वडा छन्।

सर्लाहीमा भने सबैभन्दा धेरै ११ नगरपालिका र नौ गाउँपालिकासहित २० स्थानीय तह छ। त्यहाँ २०० वडा छन्। सोह्र नगरपालिका र दुई गाउँपालिका गरी १८ स्थानीय तह रहेको रौतहटमा १५७ वडा छन्। एउटै जिल्लामा दुई उपमहानगरपालिका रहेको बारामा पाँच नगरपालिका र नौ गाउँपालिका गरी १५ स्थानीय तह छन्। यी १५ पालिकामा १६७ वडा छन्।

मधेसकै एकमात्र महानगरपालिका रहेको पर्सामा तीन नगरपालिका र दश गाउँपालिका गरी १४ स्थानीय तह छन्। यी १४ स्थानीय तहमा ११२ वडा छन्। कूल १३६ स्थानीय तह रहेको मधेस प्रदेशमा कांग्रेसले पालिकाको प्रमुखमा जम्मा ४० स्थानीय तहमा जितेकामा उपप्रमुखमा भने ३८ स्थानीय तहमा मात्र जितेको थियो।

वडातर्फ २९५ ठाउँ जितेको कांग्रेस प्रमुखपदमा जितेको आधारमा मधेसका स्थानीय तहमा २९ प्रतिशतको हैसितमा छ। उपप्रमुख/उपाध्यक्षतर्फ करिब २८ प्रतिशतको हैसितमा रहेको कांग्रेस वडा तहमा त्योभन्दा कम २३ प्रतिशतमा सीमित छ।

मधेस प्रदेसमा दोस्रो दलको हैसियत तत्कालीन सङ्घीय समाजवादी फोरमले पाएको थियो। पछि यो दल नयाँ शक्ति, राष्ट्रियता जनता पार्टीसँग मिल्दै अहिले जनता समाजवादी पार्टीको नाममा रहेको छ। मधेसमा तेस्रो दलको हैसियतमा तात्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)ले बनाएको थियो। उसले २५ स्थानीय तहमा प्रमुख पद जितेको थियो। अहिले उक्त दल लोसपाको नाममा रहेको छ।

केन्द्रमा तेस्रो बनेको नेकपा माओवादी केन्द्र मधेसमा अघिल्लो स्थानीय तह निर्वाचनका आधारमा चौथो हैसियतमा छ। निर्वाचन आयोगको तथ्याङ्कअनुसार माओवादीले २१ स्थानीय तहमा प्रमुख जितेको थियो। अठार स्थानीय तहमा प्रमुख जितेको नेकपा(एमाले) मधेसमा पाँचौं दलको हैसियतमा थियो भने त्यसपछि नेपाल लोकतान्त्रिक फोरमले तीन, नेपाली जनता दलले दुई र नयाँ शक्ति पार्टीले एक स्थानीय तहमा २०७४को स्थानीय तह निर्वाचनमा प्रमुख पद जितेका थिए।

मधेश प्रदेश सभापति कृष्ण यादव कांग्रेस मधेसमा कमजोर नभएको बताउँनुहुन्छ। उहाँ अघिल्लो स्थानीय तहको निर्वाचनमा भन्दा यसपटक कांग्रेसले दोब्बर स्थानीय तह अर्थात कम्तीमा ८० ठाउँ जित्ने जिकिर गर्नुहुन्छ।

सभापति यादव भन्नुहुन्छ,"विगतको चुनावमा मधेश आन्दोलनको प्रभाव थियो तर अब यहाँ त्यो निस्प्रभाव हुँदै गएको छ, अहिले धमाधम अरु पार्टीबाट कांग्रेसमा प्रवेश गर्नेको लाम लागेको छ। यहाँ कांग्रेसप्रति पुनः जनताको विश्वास जागेको छ। हामी ८० भन्दा माथि स्थानीय तह जित्ने आंकलन गरेर बसेका छौँ।"

## वडा तहको अवस्था

सप्तरी : नौ नगरपालिका र नौ गाउँपालिका गरी १८ स्थानीय तह रहेको सप्तरीमा कांग्रेसले पाँच स्थानीय तहमा प्रमुख र सात स्थानीय तहमा उपप्रमुख, सङ्घीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीले पाँच-पाँच, नेकपा(एमाले)ले दुई र तात्कालीनका नयाँ शक्तिले एक स्थानीय तहमा जितेको थियो। जिल्लाका कूल १६४ मध्ये कांग्रेसले ४० वडा अर्थात २५ प्रतिशत वडामा जितेको थियो।

सिराहा : सिराको १७ स्थानीय तहमध्ये कांग्रेसले जम्मा दुई स्थानीय तहमा मात्र जितेको थियो। त्यस जिल्लामा माओवादी केन्द्रले छ, सङ्घीय समाजवादी फोरमले पाँच र एमालेले चार स्थानीयमा तह जितेका थिए। कांग्रेसले जिल्लाको कल्याणपूर नगरपालिका र नवराजपुर गाउँपालिकामा मात्र अध्यक्ष र उपाध्यक्ष जितेको थियो।

सिरहाका कांग्रेस जिल्ला सभापति रामचन्द्र यादव पार्टी अन्तरघातको शिकार हुँदा सिरहामा कांग्रेसको अवस्था बिग्रेको तर अहिले २०७४ का भन्दा माहोल फरक भएकोले यस पटक कांग्रेस नै पहिलो पार्टी बन्ने जिकिर गर्नुहुन्छ।

धनुषा : नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिको गृह जिल्ला धनुषामा कांग्रेसले आठ स्थानीय तहमा जितेको थियो। सबैभन्दा बढी रणनीतिक महत्वको जनकपुरधाम उपमहानगरपालिकामा हारेको कांग्रेसले आठ प्रमुख र सात उपप्रमुखमा जितेको थियो। कूल १६९ वडा रहेको धनुषामा कांग्रेसका ४७ वडाध्यक्ष थिए।

धनुषामा दोस्रो दलको हैसियत एमालेले बनाएको थियो। उक्त दलले चार स्थानीय तहमा प्रमुख, र माओबादी केन्द्र, सङ्घीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीले समान दुई-दुई स्थानीय तहमा जितेका थिए।

महोत्तरी: १५ स्थानीय तह रहेको महोत्तरीमा अघिल्लो स्थानीय तहको निर्वाचनमा कांग्रेसले जम्मा तीन स्थानीय तहमा प्रमुख र एउटामा मात्र उपप्रमुख जितेको थियो। महोत्तरीमा दश नगरपालिका र पाँच गाउँपालिका रहेकोमा राष्ट्रिय जनता पार्टीले सात, माओवादी केन्द्रले चार र सङ्घीय समाजवादी फोरमले एक स्थानीय तहमा जितेका थिए। जिल्लाका १३८ वडामध्ये कांग्रेसले ३५ वडामा जितेको थियो।

सर्लाही :सबैभन्दा धेरै स्थानीय तह भएको जिल्ला सर्लाहीको २० स्थानीय तहमध्ये कांग्रेसले जम्मा पाँच स्थानीय तहमा प्रमुख जितेको थियो भने चार स्थानीय तहमा मात्र उपप्रमुख जितेको थियो। सर्लाहीमा राष्ट्रिय जनता पार्टीले छ, एमालेले चार, माओवादी केन्द्रले तीन तथा सङ्घीय समाजवादी फोरम र लोकतान्त्रिक फोरमले एक-एक स्थानीय तहमा जितेका थिए।

नेपाल लोकतान्त्रिक फोरम कांग्रेसँग एकता भइसकेकाले कांग्रेसका स्थानीय तहका प्रमुखको सङ्ख्या छ पुगेको छ। सर्लाहीका २०० वडामध्ये कांग्रेसले ४७ वडामा जितेको थियो।

रौतहट: रौतहटको १८ स्थानीय तहमध्ये आठ पालिकामा प्रमुख र छ पालिकामा उपप्रमुख जितेको कांग्रेसले १५७ वडामध्ये ५२ वडामा पनि जितेको थियो। रौतहटमा दोस्रो दल तत्कालीन सङ्घीय समाजवादी फोरम रहेको थियो। उसले चार स्थानीय तहमा जितेको थियो। रौतहटमा माओवादी केन्द्रले तीन, राष्ट्रिय जनता पार्टीले दुई र नेपाल लोकतान्त्रिक फोरमले एक स्थानीय तहमा जितेका थिए। एमाले भने चन्द्रपुर नगरपालिकामा उपप्रमुख मात्र जितेको थियो। लोकतान्त्रिक फोरमसँगको एकतापछि रौतहटमा कांग्रेसको स्थानीय तहमा प्रमुखको सङ्ख्या नौ पुगेको थियो।

बारा : सोह्र स्थानीय तह रहेको बारा जिल्लामा कांग्रेसले छ स्थानीय तहमा प्रमुख र उपप्रमुख जितेको थियो। जिल्लामा तत्कालीन सङ्घीय समाजवादी फोरमले चार, तात्कालीन राजपाले तीन र नेकपा एमालेले दुई स्थानीय तहमा जितेका थिए। नेपाल लोकतान्त्रिक फोरमले एक स्थानीय तह जितेको थियो। लोकतान्त्रिक फोरम कांग्रेसमा मिलेपछि कांग्रेसका प्रमुखको सङ्ख्या बारामा सात पुगेको थियो।

पर्सा : चौध स्थानीय तह रहेको पर्सा प्रदेशमै एकमात्र महानगर भएको जिल्ला हो। जिल्लाको जम्मा तीन स्थानीय तहमा प्रमुख र पाँच स्थानीय तहमा उपप्रमुख जितेको कांग्रेसले कूल ११२ वडा वडामध्ये ३७ वडामा जितेको थियो।

पर्सामा पहिलो दल सङ्घीय समाजवादी फोरम हो। फोरम चार स्थानीय तहमा बिजयी हुँदा, माओवादी केन्द्रले तीन, नेकपा एमालेले दुई तथा नेपाली जनता दलले दुई स्थानीय तह जितेका थिए।


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सञ्चार क्षेत्रसम्बन्धी योजना

जनकपुर, २९ चैत (रासस)।

मधेस प्रदेश सरकारले सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरणसँगै पत्रकारको स्वास्थ्य र दुर्घटना बीमा गर्ने लोकप्रिय योजना अघि बढाएको छ।

मधेस प्रदेश सरकारअन्तर्गतको आमसञ्चार प्राधिकरणले प्रदेशको आठवटै जिल्लाबाट प्रकाशित-प्रसारित सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण तथा पत्रकारको स्वास्थ्य र दुर्घटना बीमा गर्ने योजना बढाएको हो। प्रदेश सरकारले सञ्चारमाध्यम तथा सञ्चारकर्मीको अर्थावस्थामा सुधार ल्याउँदै पत्रकारिता क्षेत्रको संरक्षण, संवर्द्धन गर्ने नीतिअनुरुप प्रदेश सरकारले प्रदेशभरिका पत्रपत्रिका, रेडियो एफएम, टेलिभिजन र अनलाइनलगायतका सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन दिने जनाएको छ।

सञ्चारमाध्यमलाई उपलब्ध गराउने लोककल्याणकारी विज्ञापन व्यवस्थापनसम्बन्धी कार्यविधि तयारी भइसकेको र सरोकारवालासँग छलफल गरी कार्यान्वयनमा लगिने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिनुभयो। "हामीले २०७९ वैशाख महिनादेखि नै सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने तयारी गरिरहेका छौं", उहाँले भन्नुभयो, "यसका लागि मुख्य कुरा कार्यविधि हो, हामीले कार्यविधि तयार पारेर छलफलमा लगिसकेका छौं।" सरोकारवालाबाट आएको सुझावका आधारमा परिमार्जन गरी स्वीकृतिका लागि मन्त्रालयमा पठाइने अध्यक्ष यादवको भनाइ थियो।

प्रदेश सरकारअन्तर्गतको मिडिया काउन्सिलले प्रदेशभरिका सञ्चारमाध्यमको वर्गीकरण गर्ने र मिडिया काउन्सिलकै वर्गीकरणका आधारमा आमसञ्चार प्राधिकरणले लोककल्याणकारी विज्ञापन वितरण गर्ने प्रदेश सरकारको तयारी छ। तर मिडिया काउन्सिलले सञ्चारमाध्यमको वर्गीकरण गर्न नसकेकाले हालका लागि प्रेस काउन्सिल नेपालले गरेको वर्गीकरणकै आधारमा सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि, २०७८ मा आमसञ्चार प्राधिकरणले प्रस्ताव गरेको छ।

सञ्चारमाध्यमको लोककल्याणकारी विज्ञापनका लागि चालु आर्थिक वर्षमा रु दुई करोड बजेट विनियोजन गरेको र आगामी वषहरूमा थप रकम विनियोजन गरिने प्रदेश सरकारबाट आश्वासन पाएको प्राधिकरणका अध्यक्ष यादवले बताउनुभयो। यस्तै इजाजत नवीकरण गरी कम्तीमा एक वर्षसम्म नियमितरूपमा प्रसारण गरेको विद्युतीय माध्यम तथा नियमानुसार दर्ता भई कम्तीमा एक वर्ष नियमितरूपमा समाचार अपडेट गर्ने अनलाइन मिडियालाई मात्र प्रदेश सरकारले लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने प्रस्तावित कार्यविधिमा उल्लेख छ।

लोकल्याणकारी विज्ञापन प्रकाशन-प्रसारणका लागि सञ्चारमाध्यमले आमसञ्चार प्राधिकरणसँग स्वीकृति लिनुपर्ने व्यवस्था कार्यविधिमा गरिएको छ। आमसञ्चार प्राधिकरणले लोककल्याणकारी विज्ञापन गरेवापत सञ्चारमाध्यमले पाउने रकमसमेत कार्यविधिमार्फत प्रस्ताव गरेको छ।

प्रस्तावित कार्यविधिमा क, ख, ग र घ वर्गका दैनिक पत्रिकालाई क्रमशः रु १५ हजार, रु १२ हजार, रु नौ हजार र रु छ हजार पाउने छ भने क, ख, ग र घ वर्गका साप्ताहिक तथा अर्धसाप्ताहिक पत्रिकालाई क्रमशः रु १० हजार, रु आठ हजार, रु छ हजार र रु चार हजार भुक्तानी दिने प्रस्ताव गरिएको छ।

पाक्षिक, मासिक, द्वैमासिक अन्य पत्रिकातर्फ क, ख, ग र घ वर्गमा रहेका पत्रिकालाई क्रमशः रु आठ हजार, छ हजार, चार हजार र दुई हजार प्रस्ताव गरिएको छ भने क वर्गका समाचारमूलक अनलाइन मिडियालाई रु १३ हजार, ख वर्गले रु ११ हजार, ग वर्गले रु आठ हजार र घ वर्गकाले रु छ हजार भुक्तानी दिने प्रस्ताव गरिएको छ। त्यस्तै एमएम रेडियोतर्फ क, ख, ग र घ वर्गका रेडियोलाई क्रमशः रु १२ हजार, रु नौ हजार, रु सात हजार र रु पाँच हजार प्रस्ताव गरिएको छ भने टेलिभिजनतर्फ क, ख, ग र घ वर्गका टेलिभिजनलाई क्रमशः रु २५ हजार, रु २२ हजार, रु १९ हजार र रु १७ हजार भुक्तानी दिने उल्लेख छ।

आमसञ्चार प्राधिकरणले प्रस्ताव गरेको लोककल्याणकारी विज्ञापनवापतको रकम कम भएको भन्दै सञ्चारकर्मीले पत्रपत्रिकाको रकम बढाउनुपर्ने सुझाव दिएका छन्। "प्राधिकरणले प्रस्ताव गरेको विज्ञापन रकम अत्यन्तै कम हो", नेपाल पत्रकार महासङ्घ धनुषाका उपाध्यक्ष अवधेश कामतले भन्नुभयो, "पत्रिकाका लागि प्रस्ताव गरेको भुक्तानी रकम अत्यन्तै कम हो, त्यसैले पत्रपत्रिकाको रकम बढाउनु आवश्यक छ।" यससँगै वर्षेनी लोककल्याणकारी विज्ञापनवापतको रकम अनिवार्यरूपमा बढाइने व्यवस्था कार्यविधिमा गर्नुपर्ने उहाँको सुझाव थियो।

यसका साथै सञ्चारकर्मीले लोककल्याणकारी विज्ञापन वितरण र भुक्तानीका लागि सहज प्रावधान राख्नसमेत सुझाव दिएका छन्। पत्रकारको क्षमता, दक्षता अभिवृद्धिसँगै सञ्चारमाध्यमको सबलीकरणका लागि कार्य गर्दै आएको आमसञ्चार प्राधिकरणले प्रदेशभरिका पत्रकारको लागि स्वास्थ्य र दुर्घटना बीमा गराउने योजनासमेत अघि बढाएको छ। जसका लागि प्राधिकरणले पत्रकारको स्वास्थ्य र दुर्घटना बीमासम्बन्धी कार्यविधि तयार पारेर सरोकारवालासँग छलफल सुरु गरेको छ।

प्रस्तावित कार्यविधि मस्यौदामाथि महासङ्घ, रेडियो प्रसारक सङ्घ, टेलिभिजन सङ्घलगायतका सरोकारवाला सङ्घसंस्थाका पदाधिकारी तथा पत्रकारसँग कार्यविधिमा प्रस्ताव गरिएको व्यवस्थाबारे अन्तर्क्रिया गरी सुझाव सङ्कलन गरिरहेको आमसञ्चार प्राधिकरणका सदस्य अमरेन्द्र यादवले बताउनुभयो।

सरोकारवालाबाट आइरहेको सुझावका आधारमा कार्यविधिलाई अन्तिम रुप दिने र त्यसलाई पनि स्वीकृतिका लागि मन्त्रालयमा पठाइनेछ। मन्त्रालयबाट स्वीकृत भएपछि प्रदेशभरिका पत्रकारको स्वास्थ्य र दुर्घटना बीमा गर्ने काम अघि बढ्ने सदस्य यादवको भनाइ छ। पत्रकारका लागि रु सात लाखको दुर्घना बीमा र रु दुई लाखको स्वास्थ्य बीमा गर्ने योजना रहेको प्राधिकरणले जनाएको छ।

आमसञ्चार प्राधिकरणले लोककल्याणकारी विज्ञापन वितरण र पत्रकारको बीमा योजना सुरु गर्न लागेपछि मधेस प्रदेश सरकारअन्तर्गतको मिडिया काउन्सिलले पत्रकार आचारसंहितासम्बन्धी अन्तर्क्रिया सम्पन्न गरेको छ। पत्रपत्रिकाको वर्गीकरण, अनुगमन, पत्रकार आचारसंहिताको परिपालना गराउनेलगायतका जिम्मेवारी पाएको मिडिया काउन्सिलले प्रदेशभरि पत्रकार आचारसंहितासम्बन्धी अन्तर्क्रिया सम्पन्न गरेको जनाएको छ।

प्रदेशका आठवटै जिल्लाका पत्रकारका लागि सप्तरीको राजविराज, महोत्तरीको बर्दिवास र पर्साको वीरगञ्जमा पत्रकार आचारसंहिताका विषयमा अन्तर्क्रिया, छलफल गरेको मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईले जानकारी दिनुभयो। लामो समयदेखि आवश्यक ऐन, कानुन, कार्यविधिसँगै कर्मचारीको आभाव झेल्दै आएको आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलले जनशक्तिको आभावका बावजुद सक्रियता बढाएको छ। जसका कारण प्रदेशमा थोरै भए पनि पत्रकारिता क्षेत्रको विकासमा टेवा पुग्ने विश्वास गर्न थालिएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुट्ठ, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**

**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### पाकिस्तानको २३औं प्रधानमन्त्रीका रुपमा शेहबाज शरिफद्वारा शपथ

इस्लामावाद, २९ चैत (रासस/सिन्ह्वा)।

पाकिस्तानको पाकिस्तान मुस्लिम लिग नवाज (पीएमएल-एन) का नेता शेहबाज शरिफले पाकिस्तानको २३औं प्रधानमन्त्रीका रुपमा शपथ लिनुभएको छ।

प्रधानमन्त्री इमराख खानले पाकिस्तानको संसदमा विश्वासको मत प्राप्त गर्न नसकेपछि भएको मतदानमा शेहबाज शरिफ सोमबार पाकिस्तानको प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो।

पाकिस्तानको संसद्मा सोमबार भएको मतदानबाट पाकिस्तान मुस्लिम लिग, नवाजका नेता शरिफ प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको थियो।

सोमबार नै राति आयोयित एक विशेष समारोहमा उहाँलाई प्रधानमन्त्री पदको शपथ गराइएको विभिन्न सञ्चारमाध्यमहरुले जनाएका छन्।

पाकिस्तानको संसद्का ३४२ सदस्यमध्ये १७४ जनाले शरिफको पक्षमा मतदान गरेका थिए।

शरिफले पाकिस्तानको हालको विपक्षी दलको नेतृत्व गर्दै आउनुभएको थियो। उहाँ ७० वर्षको हुनुहुन्छ। शेहबाज पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज शरिफका भाइ हुनुहुन्छ।

लाहोरमा जन्मिनुभएका शरिफ यसअघि पञ्जाबको मुख्यमन्त्री बन्नुभएको थियो। उहाँले पाकिस्तान पिपुल्स पार्टी, जमैत उलेमा ए इस्लाम एफलगायतलाई समेटेर नयाँ सरकार बनाउनु हुने भएको छ।

विश्वासको मत प्राप्त गर्न नसकेपछि निवर्तमान प्रधानमन्त्री इमरान खान जिम्मेवारीमुक्त हुनुभएको र त्यसलगत्तै सोमाबार नयाँ प्रधानमन्त्री चयनका लागि मतदान भएको थियो।

### चार सय ९७ अवैध आप्रवासीको उद्धार

त्रिपोली २९ चैत (रासस/सिन्ह्वा)।

आप्रवासनसम्बन्धी एक अन्तर्राष्ट्रिय संस्था (आइओएम) ले लिबियाको सामुद्रिक किनाराबाट उद्धार गरिएका ४९७ जना अवैध आप्रवासीहरु लिबिया फर्किएका बताएको छ।

सो संगठनले सोमबार एक विज्ञप्ति प्रकाशन गरेर सो विषयमा जानकारी दिएको हो। ती आप्रवासी कागजातविहीन भएका र सामुद्रिक किनारमा अलपत्र परेका थिए।

लिबियाका विभिन्न स्थानबाट उनीहरु अन्यत्रै जान लागेका थिए र उनीहरु कागजात विहीन अवस्थामा रहेकाले उनीहरुलाई सो संगठनले उद्धार गरेर लिबिया नै फर्काएको थियो।

सो संगठनले सात दिनको अवधिमा उनीहरुलाई उद्धार गरेर फर्काएको थियो। कतिपय यी आप्रवासीहरु जबर्जस्ती समुद्र पार गर्न खोज्दा दुर्घटनामा पर्ने गरेका छन्।

लिबियाको सामुद्रिक किनाराबाट भाग्न खोज्ने क्रममा गएको वर्षमात्र पनि कम्तीमा पनि ७७ जनाको ज्यान गएको थियो। त्यस्तै गत वर्ष मात्र ३४० जना यस क्रममा बेपत्ता भएका थिए। उक्त संगठनले यस वर्षमात्र करिब ४ हजार अवैध आप्रवासीलाई उद्धार गरिएको पनि जनाएको छ।

### एकै घरका आठ परिवारको हत्या

मेक्सिको, २९ चैत (रासस/सिन्ह्वा)।

मेक्सिकोमा एकै परिवारका आठजना सदस्यको गोली हानी हत्या गरिएको समाचारमा जनाइएको छ।

मेक्सिकोको टुल्टेपेक नगरपालिकाको एक घरमा रहेका आठजना परिवार सदस्यको हत्या भएको यहाँका महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ।

सोमबार सो हत्या भएको थियो। मारिएकामा छजना महिला र दुई पुरुष छन्। त्यस्तै चारजना बालबालिका पनि रहेका सो कार्यालयले जनाएको छ।

अज्ञात व्यक्तिले परिवारका ती सदस्यको हत्या गरेको बताएका छन्। हत्यामा संलग्न भएका व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ।

अज्ञात व्यक्तिले घरैमा पुगेर उनीहरुको हत्या गरेको देखिएको प्रहरीले जनाएको छ। अधिकारीहरुका अनुसार सबै जनालाई गोली हानिएको छ।

गोली लागेर सात जनाको घरैमा निधन भएको छ भने एक जनाको भने अस्पतालमा निधन भएको थियो।

# पेट्रोलियम खपत घटाउने प्रस्ताव मन्त्रिपरिषद्मा, सातामा दुई दिन सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ चैत ।**

पेट्रोलियम पदार्थको खपत २० प्रतिशतसम्म घटाउने योजनासहितको प्रस्ताव मन्त्रिपरिषदमा पुगेको छ । अर्थ मन्त्रालयले हाल खपत भइरहेको पेट्रोलियम पदार्थको खपत २० प्रतिशतसम्म घटाउने लक्ष्यका साथ प्रस्ताव मन्त्रिपरिषद्मा पठाएको हो ।

अर्थमन्त्री जनार्दन शर्माले सातामा दुई दिन सार्वजनिक बिदा दिनेगरी पेट्रोलियम पदार्थको खपत घटाउने प्रस्ताव मन्त्रिपरिषदमा पेस भइसकेको जानकारी दिए । उनले सोमबार मन्त्रालयमा आयोजित कार्यक्रममा बोल्दै भने, 'पेट्रोलियम पदार्थको खपत घटाउन सातामा दुई दिन सार्वजनिक बिदा दिने प्रस्ताव मन्त्रिपरिषदमा गरिएको छ ।'

सातामा दुई दिन सार्वजनिक बिदा दिंदा निजी प्रयोजनका लागि खपत हुँदै आएको पेट्रोलियम पदार्थको खपत घट्ने अनुमान सरकारको छ । सार्वजनिक बिदामा सरकारी लगायत विभिन्न कार्यालय बिदा हुने र त्यो दिन प्रयोग हुने पेट्रोलियम जोगिने प्रक्षेपणसहित सरकारले सातामा दुई दिन बिदा दिएर २० प्रतिशतसम्म पेट्रोलियमको खपत घटाउने योजना बनाएको हो ।

कोभिड महामारी साम्य बनेयता र रुस-युक्रेन युद्धका कारणले विश्वबजारमा पेट्रोलियम पदार्थको मूल्यले नयाँ कीर्तिमान कायम गरेको छ । अन्तर्राष्ट्रिय बजारमा मंगलबार कच्चा तेलको मूल्य प्रतिब्यारेल ९७.८९ अमेरिकी डलर छ । यस्तै, हाल नेपालमा पेट्रोलको बिक्री मूल्य प्रतिलिटर १६० रुपैयाँ र डिजेलको बिक्री मूल्य प्रतिलिटर १४३ रुपैयाँ छ ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य अनियन्त्रित गतिमा बढ्दा नेपालको भुक्तानी सन्तुलन नै समस्यामा परेको छ । बढेको मूल्यमा तेल किनेर घाटामै तेल बेच्दै आएको नेपाल आयल निगमसँग यतिबेला तेल किन्ने रकम समेत छैन । पछिल्लो समय निगमलाई तेल किन्न सरकारले रकम दिँदै आएको छ ।

### पोखरीमा डुबेर ...

स्थित मामाघर आएका बेला ८ वर्षीय देवराज यादवको पोखेरीमा डुबेर मृत्यु भएको हो । घर देखी १५ मिटर उत्तर पट्टी रहेको पोखरी किनारमा साथीभाई संग खेल्दै गर्दा अचानक डुबेका उनलाई उद्धार गरी उपचारका लागी गजेन्द्र नारायण सिह अस्पताल ल्याउदै गर्दा बाटो मै मृत्यु भएको डिएसपी माधव प्रसाद काफलेले जानकारी दिए ।

मृतक बालकको शवको पोष्टमार्टम पश्चात आफन्तलाई बुझाई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# अटोमेटिक पेस्तोलसहित दुई पक्राउ

जनकपुर, २९ चैत (रासस) ।

अटोमेटिक पेस्तोलसहित जनकपुरधामबाट प्रहरीले दुई युवालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको जलेश्वर नगरपालिका-९ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-४ बस्ने ३० वर्षीय इन्द्रेशकुमार सिंह र महोत्तरी मनरासिसवा नगरपालिका-१ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-८ बस्ने १९ वर्षीय लोटस भन्ने अभिषेककुमार सिंह रहेको प्रहरीले जनाएको छ ।

हातहतियार बोकी ज७प ७९३२ नंको पल्सर मोटरसाइकलमा रामानन्द चोकबाट प्रादेशिक अस्पतालतर्फ गइरहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले शरीर खानतलासी गर्दा सिंहको साथबाट एक थान अटोमेटिक पेस्तोल बरामद भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो ।

पक्राउ परेका दुवै जनामाथि हातहतियार खरखजना अन्तर्गत मुद्दा चलाइएको र थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताउनुभयो ।

# तोकिएको मितिमै निर्वाचन हुने

मोरङ, २९ चैत (रासस) ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले घोषित मितिमा स्थानीय पालिकाको निर्वाचन हुने बताउनुभएको छ ।

निर्वाचन आयोग, प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घद्वारा संयुक्त रूपमा मंगलबार यहाँ आयोजित प्रदेश नं १ स्तरीय मिडिया अभिमुखीकरण कार्यक्रममा उहाँले निर्वाचनको रकेट प्रक्षेपण भइसकेकाले आगामी वैशाख ३० गते स्वच्छ, निष्पक्ष, विश्वासिलो एवं भयरहित वातावरणमा सम्पन्न हुने प्रष्ट पार्नुभयो ।

उहाँले सङ्घीयता र लोकतन्त्र मजबुत बनाउने मुख्य कार्य आवधिक निर्वाचन भएको चर्चा गर्दै निर्वाचन नभए लोकतन्त्र हार्ने विचार राख्नुभयो । प्रमुख आयुक्त थपलियाले आयोगले निर्वाचनका समयमा मिथ्या सूचना, दुष्प्रचार र घृणास्पत अभिव्यक्ति निष्तेज गर्न आवश्यक अनुगमनको संयन्त्र निर्माण गरी नियन्त्रण गर्ने दृढता व्यक्त गर्दै यस्ता कार्यबाट मुलुकमा इमानदारी र निष्ठाको राजनीति पराजित हुने धारणा राख्नुभयो ।

# मधेस प्रदेशसभाको आठौं अधिवेशन अन्त्य

जनकपुर, २९ चैत (रासस) :

मधेस प्रदेश प्रदेशसभाको आठौं अधिवेशन अन्त्य भएको छ । मधेस प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रले मंगलबार राति १२ बजेदेखि प्रदेशसभाको आठौं अधिवेशन अन्त्य गर्नुभएको हो ।

मंगलबार बसेको प्रदेशसभाको दोस्रो बैठकमा सभामुख सरोजकुमार यादवले प्रदेश प्रमुख मिश्रबाट प्राप्त अधिवेशन अन्त्यसम्बन्धी पत्र सदनमा पढेर सुनाउनुभयो । प्रदेश प्रमुख मिश्रले नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेशसभाको आठौं अधिवेशन अन्त्य गर्नुभएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

गत मङ्सिर २९ गतेदेखि सुरु भएको प्रदेशसभाको आठौं अधिवेशनअन्तर्गत प्रदेशसभाको २० वटा बैठक बसेको छ । १२० दिन चलेको आठौं अधिवेशनले प्रदेशको नाम 'मधेस' र राजधानी जनकपुरधाम टुङ्गो लगाएको छ । यस्तै प्रदेश सरकारले पेश गरेको चार वटा विधेयक पारित गरेको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिनुभयो । सो अवधिमा प्रदेश प्रमुख मिश्रले एउटा विधेयक प्रमाणीकरण गर्नुभएको छ ।

यसैबीच मंगलबार बसेको प्रदेशसभाको बैठकले प्रदेश सरकारद्वारा प्रस्तुत कृषि विश्वविद्यालय अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक तथा प्राविधिक विश्वविद्यालय अध्यादेश प्रतिस्थापन गर्न बनेको विधेयक पारित गरेको छ ।


## टाईफाइड रोग विरुद्ध खोप अभियान २०७८/०७९

सप्तरी जिल्लामा यहि मिति २०७८ साल चैत महिना २६ गतेदेखि सबै वडा र स्थानिय तहमा टाईफाइड रोग विरुद्धको खोप अभियान संचालन हुदैछ । यस अभियानमा १५ महिनादेखि १५ वर्ष मुनि उमेर सम्मका सबै बालबालिकाहरुलाई टाईफाइड रोग विरुद्धको खोप लगाईदैछ । यस अभियानमा आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर नछुटाई टाईफाइड रोग विरुद्धको खोप लगाउनु हुन अनुरोध छ । यो अभियान तोकिएको मितिमा आफ्नो स्थानिय तह वा वडा अन्तर्गतको विद्यालय तथा स्वास्थ्य संस्थामा संचालन हुने खोप केन्द्रमा बालबालिकालाई खोप लगाऔं ।

**अभियान संचालन हुने गाउँपालिका र नगरपालिकाको नाम र मिति :**

**पहिलो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | डाकनेश्वरी नगरपालिका | २०७८/११/२६ गतेदेखि २०७८/११/३० गते सम्म |
| २ | राजगढ गाउँपालिका | |
| ३ | छिन्नमस्ता गाउँपालिका | |
| ४ | बोदेबरसाइन नगरपालिका | |
| ५ | सुरुङ्गा नगरपालिका | |
| ६ | विष्णुपुर गाउँपालिका | |
| ७ | खडक नगरपालिका | |
| ८ | वलान बिहुल गाउँपालिका | |
| ९ | शम्भुनाथ नगरपालिका | |

**दोश्रो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | कन्चनरुप नगरपालिका | २०७९/०१/०४ गतेदेखि २०७९/०१/०८ गते सम्म |
| २ | राजविराज नगरपालिका | |
| ३ | हनुमाननगर कङ्कालिनी नगरपालिका | |
| ४ | सप्तकोशी नगरपालिका | |
| ५ | अग्निसाइर कृष्णसवरण गउँपालिका | |
| ६ | तिरहुत गाउँपालिका | |
| ७ | तिलाठी कोइलाडी गाउँपालिका | |
| ८ | महादेवा गाउँपालिका | |
| ९ | रुपनी गाउँपालिका | |

जिल्ला खोप समन्वय समिति
स्वास्थ्य कार्यालय सप्तरी



## सर्पदंश(सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजि गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भए सम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer (रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np